कार्यपालिका बैठक संख्या:- १३३
बैठक मिति :-२०८०/०४/२६
अध्यक्षता:-नगर प्रमुख श्री हेमकर्ण पौडेल

**निर्णय नं १**

इटहरी उपमहानगरपालिकाको आ.व. २०८०/०८१ को नगर दर रेट स्वीकृत गर्ने निर्णय गरियो ।साथै नगर दर रेटको विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ ।

**निर्णय नं २**

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यलयहरुमा कार्यरत करार, मासिक ज्यालादारी र दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकनका आधारमा २०८० पौष मसान्तसम्म थप गर्ने निर्णय गरियो साथै म्याद थप् हुने कर्मचारीहरुको विवरण अनुसूची-२ मा उल्लेखित गरिएको छ ।साथै १२८ औं कार्यपालिका द्धारा गठित कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि अध्ययन कार्यदलको प्रतिवेदन माथी छलफल गरी सो सम्बन्धमा कार्यविधी निर्माणका लागि कानून मस्यौदा समितिमा पठाउने र ज्यालादारी कर्मचारीहरुलाई करार सेवाका लागि अध्ययन गरी सुझाव सहित राय पेश गर्न इटहरी उपमहानगरपालिकाद्धारा निर्माण गरिएको पदपूर्ती समितिलाई पठाउने निर्णय गरियो ।

**निर्णय नं ३**

इटहरी उपमहानगरपालिकाको १३ औं नगरसभा बाट पारित आर्थिक ऐन,२०८० को करका दर रेट,सेवाशुल्क,दस्तुरहरुको अध्ययन,विक्षेपण गरी समायोजन तथा पुनरावलोकनका लागि राजश्व परामर्श समितिको मार्फत आगामी २०८० भाद्र मसान्त सम्म प्रतिवेदन पेश गर्नका लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णयो गरियो ।

**देहाय:**

१. संयोजक - श्री उमेश सुवेदी ३ नं. वडा अध्यक्ष

| | |
|---|---|
| २. सदस्य - श्री रतन कार्की | १ नं. वडा अध्यक्ष |
| ३. सदस्य - श्री दिवश पोखरेल | ६ नं. वडा अध्यक्ष |
| ४. सदस्य - श्री प्रभात कुमार आचार्य | १७ नं वडा अध्यक्ष |
| ५. सदस्य - श्री गणेश प्रसाद दाहाल | नेपाल सरकारका पूर्व उपसचिव |
| ६. सदस्य - श्री पोषराज नेपाल | कर राजश्व सम्बन्धि विज्ञ |
| ७. सदस्य सचिव - श्री सन्तोष ढकाल | राजश्व शाखा प्रमुख |

निर्णय नं ४

इटहरी उपमहानगरपालिकाको १३ औं नगर सभाबाट पारित विनियोजन ऐन,२०८० बाट पारित योजनाहरु मध्ये ठेक्का द्वारा र उपभोक्ता समितिद्वारा गरिने योजनाहरुको वर्गीकरण गरी २०८० साल भाद्र महिनाबाट योजना संचालनका प्रक्रिया आरम्भ गर्ने साथै स-साना योजनाहरुलाई जोडेर ठेक्का प्रकिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ५

इटहरी उपमहानगरपालिका वडा नं. ५ मा रहेको रिजाल क्यानिङ्ग कम्पनी प्रा.लि. विराटनगर मोरङको नाममा दर्ता कायम रहेको करिब ३८ विघहा जग्गामा बसोवास गर्ने जनता बस्तीको व्यवस्थापनका लागी सरोकारवालहरुसँग आवश्यक छलफल, परामर्श, सहजीकरण र समन्वयका लागि देहाय बमोजिमको जनता बस्ती सरोकार समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

देहायः-

| | |
|---|---|
| १. संयोजक - श्री हेमकर्ण पौडेल | नगर प्रमुख |
| २. सदस्य - श्री संगिता कुमारी चौधरी | उप-प्रमुख |
| ३. सदस्य - श्री भिष्म घिमिरे | ५ नं. वडा अध्यक्ष |
| ४. सदस्य - श्री जितेन्द्र थापा | ९ नं वडा अध्यक्ष |
| ५. सदस्य - श्री दिवश पोखरेल | ६ नं वडा अध्यक्ष |

६. सदस्य - श्री रतन कार्की — १ नं वडा अध्यक्ष
७. सदस्य - श्री प्रमोद शेर्पा — कार्यपालिका सदस्य
८. सदस्य - श्री मन बहादुर विश्वकर्मा (दिनेश) — कार्यपालिका सदस्य
९. सदस्य - श्री भिमादेवी राई — कार्यपालिका सदस्य

<u>निर्णय नं ६</u>

इटहरी उपमहानगरपालिका क्षेत्रमा नक्सा पास नभई निर्माण भएका घर तथा संरचनाहरुको अभिलेखिकरणका लागि आगामी ३ महिना (२०८० असोज मसान्त) सम्म म्याद थप गरी, १५० प्रतिशत थप दस्तुर लिएर घर नक्सा अभिलेखिकरण गर्ने निर्णय गरियो ।साथै सार्वजनिक विदा,कार्यालय समय अतिरिक्त विहान,बेलुका अनलाइन मार्फत सेवा उपलब्ध गराएको डिजिटल घर नक्सा सम्बन्धि सेवा समेत कार्यालय समयमा नै गरे सरह मान्ने निर्णय गरियो र इटहरी वडा नं. १ मा रहेको सुन्दर देवी हाउजिङ अन्तर्गतका भवनहरुलाई समेत आवश्यक मापदण्डहरुका आधारमा अभिलेखिकरण गर्ने प्रकिया अगाडी बढाउने निर्णय गरियो

<u>निर्णय नं ७</u>

साविकको भवन निर्माण सम्बन्धि कानूनले तोकेको मापदण्ड पूरा भई निर्माण सम्पन्न प्रमाण पत्र लिई सकेका सेवाग्राहीले तत्कालीन मापदण्ड अनुसार ४ र ६ वटा रड प्रयोग गरी निर्माण सम्पन्न प्रमाण पत्र लिई सकेका १००० वर्ग फिट सम्मका भवनको हकमा निजलाई सोही मापदण्डका आधार थप एक तला सम्म निर्माण इजाजत प्रमाण दिई निर्माण सम्पन्नको प्रकियामा लाने निर्णय गरियो ।

निर्णय नं ८

इटहरी उपमहानगरपालिका अन्तर्गत देहाय बमोजिमका वडामा बसोबास गर्ने व्यक्ति तथा परिवारहरुलाई देहाय बमोजिम गरिएको आर्थिक सहयोग रकम अनुमोदन गर्ने र उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं | नामथर | ठेगाना | सहयोग रकम | आर्थिक सहयोगको विवरण |
|---|---|---|---|---|
| १ | गुन्जा सरदार | इटहरी-१३ | १,००,०००।- | आर्थिक सहयोग |
| २ | दिपेन्द्र बजगाई | इटहरी-१ | ५०,०००।- | उपचार सहयोग |
| ३ | टिकाराम पराजुली | इटहरी-१७ | १०१०००।- | राहत सहयोग |
| ४ | प्रेमलाल चौधरी | इटहरी-१६ | १,००,०००।- | उपचार सहयोग |
| ५ | प्रसोत्तम कुमार चौधरी | इटहरी-१६ | ५१,०००।- | राहत सहयोग |
| ६ | पारसमणी चौधरी | इटहरी-१६ | ५१,०००।- | राहत सहयोग |
| ७ | बविता कुमारी चौधरी | इटहरी-१६ | ५१,०००।- | राहत सहयोग |
| ८ | विक्रम सिंह चौधरी | इटहरी-७ | ५०,०००।- | उपचार सहयोग |
| ९ | कमला विश्वकर्मा | इटहरी-८ | ५१,०००।- | राहत सहयोग |
| १० | राजकुमार चौधरी | इटहरी-८ | १०२०००।- | राहत सहयोग |
| ११ | वज्र मोहन मण्डल | इटहरी-१७ | २५०००।- | उपचार सहयोग |
| १२ | लक्ष्मण चौधरी | इटहरी-१६ | २५०००।- | उपचार सहयोग |
| १३ | रमला तामाङ | इटहरी-६ | १०००००।- | उपचार खर्च |
| १४ | धनमाया भट्टराई | इटहरी-३ | २५०००।- | आगलागी राहत |
| १५ | गोवर्धन चौधरी | इटहरी-१५ | २५०००।- | आगालागी राहत |
| १६ | निधिनाथ आचार्य | इटहरी-३ | ५१०००।- | राहत सहयोग |

निर्णय नं ९

इटहरी उपमहानगरपालिका नगर कार्यपालिका कार्यालय र अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको निधन भएको खण्डमा अब उप्रान्त रु. एक लाख एक हजार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।